# **शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३**

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले नियम ३ बमोजिम अनुमतिपत्र प्राप्त संस्था सम्झनुपर्छ।

(ख) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ सम्झनु पर्छ।

(ग) "पूर्व तयारी कक्षा" भन्नाले संस्थाले सञ्चालन गर्ने टेष्ट अफ ईङ्लिस एज अ फरेन ल्याङ्गेज (टोफेल), ईन्टरनेशनल ईङ्लिस ल्याङग्वेज टेष्टिङ सिस्टम (आईईएलटिएस), स्कलाष्टिक एसिसमेन्ट टेष्ट (एसएटि), ग्राजुएट रिकर्ड एक्जामिनेशन (जिआरई), जापानिज ल्याङ्ग्वेज प्रोफिएन्सी टेष्ट (जेएलपिटी), ग्राजुएट मेनेजमेन्ट एडमिशन टेष्ट (जिएमएटी) वा यस्तै प्रकृतिका विदेशी भाषाको परीक्षामा सम्मिलित हुने विद्यार्थीका लागि सञ्चालन गरिने तयारी कक्षा सम्झनु पर्छ र सो शब्दले लोक सेवा आयोग लगायत सरकारी निकायबाट सञ्चालन हुने प्रतिस्पर्धात्मक परीक्षाको तयारी कक्षालाई समेत जनाउँछ।

(घ) "भाषा शिक्षण" भन्नाले स्वदेशी वा विदेशी भाषाको शिक्षण सम्झनुपर्छ र सो शब्दले भाषाको परीक्षणलाई समेत जनाउँछ।

(ङ) "मन्त्रालय" भन्नाले शिक्षा तथा खेलकुद मन्त्रालय सम्झनुपर्छ।

(च) "शैक्षिक परामर्श सेवा" भन्नाले विदेशमा उच्च शिक्षा अध्ययनसँग सम्बन्धित पाठ्यक्रम, अध्ययन गर्नुपर्ने अवधि, लाग्ने शुल्क तथा भर्ना हुन अवलम्बन गर्नुपर्ने प्रक्रिया लगायतका सम्बन्धमा दिइने सल्लाह, सुझाव वा परामर्श सम्झनुपर्छ।

(छ) "शैक्षिक संस्था" भन्नाले स्वदेश वा विदेशमा प्रचलित कानूनबमोजिम स्थापना भएको उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालय, महाविद्यालय वा यस्तै किसिमको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने निकाय सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले नियम १६ बमोजिमको समिति सम्झनु पर्छ।

(झ) "संस्था" भन्नाले सेवा सञ्चालन गर्न वा शैक्षिक सेमिनार वा शैक्षिक प्रदर्शनी वा शैक्षिक मेला आयोजना गर्ने उद्देश्यले प्रचलित कानूनबमोजिम संस्थापना भएको कम्पनी वा रजिष्टर्ड फर्म सम्झनु पर्छ।

(ञ) "सेवा" भन्नाले यस नियमावलीबमोजिम अनुमतिपत्रप्राप्त संस्थाले भौतिक वा अनलाइन माध्यमबाट शैक्षिक परामर्श, भाषा शिक्षण वा पूर्व तयारी कक्षा सञ्चालन सम्बन्धी प्रवाह गर्ने सेवा सम्झनु पर्छ।

## परिच्छेद-२
## सेवा सञ्चालन अनुमतिसम्बन्धी व्यवस्था

३. **सेवा सञ्चालनको लागि अनुमतिपत्र लिनुपर्ने** : (१) कसैले यस नियमावलीबमोजिम अनुमतिपत्र प्राप्त नगरी सेवा सञ्चालन गर्न पाइने छैन।

(२) सेवा सञ्चालन गर्न चाहने संस्थाले अनुमतिपत्र प्राप्त गर्नको लागि मन्त्रालय समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पर्न आएको निवेदनको सम्बन्धमा मन्त्रालयले कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ।

(४) उपनियम (२) बमोजिम पर्न आएका निवेदनका व्यहोरा मापदण्ड पूरा भएको देखिएमा वा उपनियम (३) बमोजिमको जाँचबुझबाट अनुमतिपत्र दिन उपयुक्त देखिएमा मन्त्रालयले अनुसूची-२ बमोजिमको धरौटी राख्न लगाई अनुसूची-३ बमोजिमको ढाँचामा अनुमतिपत्र प्रदान गर्नेछ।

(५) उपनियम (४) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले तीन महिनाभित्र कारोबार प्रारम्भ गर्नुपर्नेछ।

(६) अनुमतिपत्रप्राप्त संस्थाले शाखा विस्तार गरेमा त्यस्तो विस्तार भएको शाखाबाट सेवा सञ्चालन गर्न उपनियम (२) बमोजिम निवेदन दिनु पर्नेछ।

(७) संवत् २०७५ साल साउन १४ गते अघि सेवा सञ्चालन अनुमतिपत्रको लागि मन्त्रालयमा निवेदन पेस गरी निर्णय प्रक्रियामा रहेका संस्थाहरूलाई उपनियम (३) बमोजिम जाँचबुझ गराई यस नियमावलीबमोजिमको मापदण्ड पूरा भएको पाइएमा अनुमतिपत्र प्रदान गरिनेछ।

४. **अनुमतिपत्रको अवधि र नवीकरण** : (१) अनुमतिपत्रको अवधि एक वर्षको हुनेछ।

(२) अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा कम्तीमा एक महिना अगावै अनुमतिपत्र नवीकरणको लागि अनुसूची-४ बमोजिमको ढाँचामा मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोंजिमको अवधिमा नवीकरणको लागि निवेदन पेस नगर्ने अनुमतिपत्रप्राप्त संस्थाले अनुमतिपत्रको अवधि समाप्त भएको तीन महिनाभित्र दश हजार रुपैंया जरिवाना बुझाई अनुमतिपत्रको नवीकरणको लागि मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ।

(४) उपनियम (२) वा (३) बमोजिम परेको निवेदन उपर जाँचबुझ गरी मन्त्रालयले अर्को एक वर्षको लागि अनुमतिपत्र नवीकरण गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिमको अवधिमा पनि नवीकरणको लागि निवेदन नदिएमा त्यस्तो संस्थाको अनुमतिपत्र स्वतः रद्द भएको हुनेछ।

(६) उपनियम (५) बमोजिम रद्द भएमा सर्वसाधारणको जानकारीको लागि मन्त्रालयको वेवसाइट र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेछ।

५. <u>**विवरण पेस गर्नु पर्ने**</u> : सेवा सञ्चालनको लागि अनुमतिपत्रप्राप्त संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफूले सम्पादन गरेको कार्यको वार्षिक विवरण मन्त्रालयमा पेस गर्नु पर्नेछ।

६. <u>**प्रदेश वा स्थानीय तहले अनुमति दिन सक्ने**</u> : (१) प्रदेश वा स्थानीय तहले शैक्षिक परामर्श सेवा बाहेक अन्य सेवा सञ्चालनको लागि दर्ता, अनुमतिपत्र, अनुमतिपत्रको नवीकरण र व्यवस्थापन सम्बन्धित प्रदेश वा स्थानीय तहको कानूनबमोजिम गर्न सक्नेछ।

(२) यो नियमावली प्रारम्भ हुनु अघि प्रदेश सरकार वा स्थानीय तहबाट शैक्षिक परामर्श सेवा सञ्चालन अनुमतिपत्रप्राप्त गरेका संस्थाले यो नियमावली प्रारम्भ भएको मितिले तीन महिनाभित्र अनुमतिपत्रको लागि नियम ३ बमोजिम मन्त्रालयमा निवेदन दिनुपर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन दिएका संस्थाको अनुगमन गरी यस नियमावलीबमोजिमको मापदण्ड पुगेको पाइएमा मन्त्रालयले शैक्षिक परामर्श सेवा सञ्चालन अनुमतिपत्रलाई निरन्तरता दिन सक्नेछ।

(४) उपनियम (२) बमोजिम मन्त्रालयमा अनुमतिका लागि निवेदन दिएका संस्थाले सोको जानकारी सम्बन्धित प्रदेश र स्थानीय तहमा समेत दिनुपर्नेछ।

(५) उपनियम (१) बमोजिम अनुमतिपत्रप्राप्त संस्थाले अनुमति लिँदा उल्लेख गरेको प्रदेश वा स्थानीय तहभित्र मात्र सेवा सञ्चालन गर्नु पर्नेछ।

## परिच्छेद-३
## <u>शैक्षिक मेला, प्रदर्शनी तथा सेमिनारसम्बन्धी व्यवस्था</u>

७. <u>**शैक्षिक मेला, प्रदर्शनी तथा सेमिनार सञ्चालन गर्न सक्ने**</u> : (१) कुनै अनुमतिपत्रप्राप्त संस्थाले कुनै स्थानमा शैक्षिक मेला वा शैक्षिक प्रदर्शनी वा शैक्षिक सेमिनार वा अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्ने स्वीकृतिको लागि अनुसूची-५ बमोजिमको ढाँचामा मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक मेला वा शैक्षिक प्रदर्शनी वा शैक्षिक सेमिनार आयोजना गर्ने आयोजक संस्था विदेशी भए सम्बन्धित देशको कुटनीतिक निकायको सिफारिस पत्र, संस्था दर्तासम्बन्धी कागजात तथा संस्थाको उद्देश्य खुलेको कागजातसहित अनुसूची-२ बमोजिम दस्तुर बुझाई मन्त्रालयमा निवेदन पेस गर्नु पर्नेछ।

(३) उपनियम (१) वा (२) बमोजिम पेस हुन आएको निवेदन तथा कागजात जाँचबुझ गर्दा उपयुक्त देखिएमा शैक्षिक मेला वा शैक्षिक प्रदर्शनी वा शैक्षिक सेमिनार आयोजना गर्न मन्त्रालयले अनुसूची-६ बमोजिमको ढाँचामा स्वीकृति दिन सक्नेछ।

(४) यस नियम बमोजिम आयोजना गरिने शैक्षिक मेला, प्रदर्शनी, सेमिनार आयोजना गर्दा नेपालका विश्वविद्यालय वा उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरूसँगको समन्वयमा गर्नुपर्नेछ।

(५) उपनियम (४) बमोजिम शैक्षिक मेला वा शैक्षिक प्रदर्शनी तथा शैक्षिक सेमिनार सम्पन्न भएका मितिले सात दिनभित्र स्वीकृतिप्राप्त संस्थाले आफूले गरेको कार्यक्रमको उपलब्धि र त्यसको प्रभावसहितको विवरण मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिमको विवरण पेस नगर्ने व्यक्ति वा संस्थालाई अर्को पटक कुनै पनि शैक्षिक मेला वा शैक्षिक प्रदर्शनी वा शैक्षिक सेमिनार गर्न अनुमति प्रदान गरिने छैन।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा अध्ययन गर्न जाने नेपाली विद्यार्थीहरूलाई लक्षित गरी सञ्चालन गर्न खोजिएको शैक्षिक मेला वा प्रदर्शनी तथा सेमिनार सम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिइने छैन।

तर मन्त्रालयलाई जानकारी दिई स्वदेशी विश्वविद्यालयमा अध्ययन गर्न, स्थानीय भाषा, सिप प्रवर्द्धन गर्न, देशको विकासमा केन्द्रित रहेर राष्ट्रिय तथा समसामयिक विषय एवम् बौद्ध दर्शन, संस्कृत, हिमाली वातावरण र साहसिक पर्यटन जस्ता मौलिक विषयमा विदेशी विद्यार्थी आकर्षित गर्न स्टडी इन नेपाल मेला, प्रदर्शनी, सेमिनार वा सम्मेलन आयोजना गर्न सकिनेछ।

## परिच्छेद-४
## आय व्यय तथा धरौटीसम्बन्धी व्यवस्था

८. **आय व्यय सम्बन्धी व्यवस्था** : (१) अनुमतिपत्रप्राप्त संस्थाले सेवा सञ्चालन गरे बापत प्राप्त हुने वित्तीय कारोबार डिजिटल प्रणालीमार्फत गर्नु पर्नेछ।

(२) अनुमतिपत्रप्राप्त संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि आफ्नो आय व्ययसम्बन्धी विवरणको लेखा परीक्षण प्रचलित कानूनबमोजिम गराउनु पर्नेछ।

(३) अनुमतिपत्रप्राप्त संस्थाको परामर्शमा अध्ययनका लागि विदेश गएका विद्यार्थीको विवरण र निजहरूबाट सम्बन्धित शिक्षण संस्थालाई तिरेको शुल्कबापत संस्थालाई कुनै आम्दानी भए नभएको विवरण मन्त्रालयमा त्रैमासिक रूपमा पेस गर्नु पर्नेछ।

(४) अनुमतिपत्रप्राप्त संस्थाले विद्यार्थी र विद्यार्थी अध्ययरत शैक्षिक संस्थाबाट प्राप्त गरेको आम्दानीमा नेपाल सरकारले निर्धारण गरेको शिक्षा समता शुल्क लागू हुनेछ।

९. **धरौटीसम्बन्धी व्यवस्था** : (१) यस नियमावलीबमोजिम अनुमतिपत्रको लागि राख्नु पर्ने धरौटी मन्त्रालयको खातामा जम्मा गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम राख्नु पर्ने धरौटी रकम अनुसूची-२ मा उल्लेख भएअनुसार हुनेछ।

(३) यो नियम प्रारम्भ हुनु अघि अनुमतिपत्र प्राप्त गरी सञ्चालनमा रहेका संस्थाले नवीकरण गर्दा अनुसूची-२ बमोजिमको दस्तुर उपनियम (१) बमोजिमको धरौटी खातामा जम्मा गर्नुपर्नेछ।

१०. **धरौटी फिर्तासम्बन्धी व्यवस्था** : यस नियमावलीबमोजिम अनुमतिपत्रप्राप्त संस्थाले राखेको धरौटी रकम सेवा सञ्चालन नगर्ने भनि अनुमतिपत्रप्राप्त संस्थाले दिएको निवेदन मन्त्रालयबाट स्वीकृत भएको अवस्थामा मात्रै फिर्ता हुनेछ।

## परिच्छेद-५
## संस्था सञ्चालन मापदण्ड र पालना गर्नुपर्ने सर्त

११. **सेवा सञ्चालन गर्ने संस्थाको मापदण्ड** : (१) अनुमतिपत्रप्राप्त संस्थाले अनुसूची-७ बमोजिमको मापदण्ड पूरा गरेको हुनु पर्नेछ।

(२) यो नियम प्रारम्भ हुनु अघि अनुमतिपत्र प्राप्त गरी सञ्चालित संस्थाले उपनियम (१) बमोजिमको मापदण्ड पूरा नगरेको भए नियमावली जारी भएको मितिले एक वर्षभित्र सो मापदण्ड पूरा गरी सोको विवरण मन्त्रालयमा पेस गर्नुपर्नेछ।

(३) उपनियम (२) बमोजिमको अवधिभित्र मापदण्ड पूरा नगर्ने संस्थाको अनुमतिपत्र नवीकरण हुनेछैन।

१२. **अनुमतिपत्रप्राप्त संस्थाले पालना गर्नुपर्ने सर्त** : यस नियमावलीबमोजिम अनुमतिपत्रप्राप्त संस्थाले ऐन तथा यो नियमावलीबमोजिम देहायका सर्त पालना गर्नुपर्नेछः-

(क) आफूले प्रवाह गर्ने सेवाको बारेमा सेवाग्राहीलाई स्पष्ट र पूर्ण जानकारी गराउनुपर्ने,

(ख) मन्त्रालयबाट जुन सेवाको लागि अनुमतिपत्र प्राप्त गरेको हो, सो सेवा मात्र सञ्चालन गर्ने,

(ग) शैक्षिक परामर्श सेवा उपलब्ध गराउने प्रयोजनको लागि स्नातक तह उत्तीर्ण गरी आवश्यक तालिमसमेत लिएको प्रशिक्षक हुनुपर्ने,

(घ) सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमहरू सञ्चालन गर्दा सम्बन्धित विषयको विशेषज्ञबाट सहजीकरण हुने व्यवस्था मिलाउनुपर्ने,

(ङ) सेवाग्राहीबाट लिने सबै प्रकारका शुल्कको विवरण अद्यावधिक गरी अनुमतिपत्र प्राप्त संस्थाको वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्ने,

(च) अनुमतिपत्र प्राप्त संस्था र विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबिच भएको सम्झौता वा समझदारीपत्र लगायतका विवरण मन्त्रालयले माग गरेको समयमा नै उपलब्ध गराउनुपर्ने,

(छ) विद्यार्थीले वैदेशिक अध्ययन अनुमतिपत्र (नो अब्जेक्सन लेटर) प्राप्त गरेपछि विदेशी शिक्षण संस्थालाई बुझाउनु पर्ने रकम बैंकमार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्ने,

(ज) संस्था दर्ता प्रमाण-पत्र, अनुमतिपत्र, मूल्य अभिवृद्धि कर प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, संस्थाबाट प्रदान गरिने सेवा र सेवा वापत लिइने शुल्कको विवरण तथा संस्थाले प्रदान गर्ने सेवाको विवरण खुल्ने नागरिक वडापत्र सबैले देख्ने गरी कार्यालयमा राख्नु पर्ने,

(झ) आफ्नो परामर्श सेवामार्फत उच्च शिक्षा अध्ययनका लागि विदेश जाने विद्यार्थीको विवरण राख्नु पर्ने,

(ञ) आफ्नो परामर्श सेवामार्फत उच्च शिक्षा अध्ययनका लागि विदेश गएमा विद्यार्थीलाई निजहरूको समस्या समाधानका लागि अनलाइन माध्यमबाट परामर्श प्रदान गर्नु पर्ने,

(ट) संस्थाले प्रदान गर्ने सेवा शुल्क एकै प्रकृतिको सेवाको लागि हुनुपर्ने र त्यसरी सेवा प्रदान गरेवापत विद्यार्थीले संस्थालाई बुझाएको रकमको बील भर्पाई र अन्य कागजातको निस्सा विद्यार्थीलाई दिनुपर्ने,

(ठ) शैक्षिक परामर्श सेवा प्रदान गर्ने संस्थाले विद्यार्थीको तर्फबाट विदेशी विश्वविद्यालयमा पेस गरेको सबै कागजातको एक प्रति विद्यार्थीलाई समेत उपलब्ध गराउनुपर्ने,

(ड) शैक्षिक परामर्श सेवा प्रदान गर्ने संस्थाले विद्यार्थीलाई शैक्षिक क्रियाकलाप बाहेकका आवास, बीमा, टिकट, भिसा सेवा जस्ता विषयको व्यवस्थापन तथा खर्चबारे पर्याप्त जानकारी र आवश्यक सहजीकरण गर्नुपर्ने,

(ढ) अनुमतिपत्रप्राप्त संस्थामा स्वदेशी लगानी मात्र भएको हुनु पर्ने र विदेशी लगानी भएको भए एक वर्षभित्रमा स्वदेशी लगानीमा स्वामित्व परिवर्तन गर्ने,

(ण) परामर्श लिन आउने सेवाग्राहीसँग आवश्यक पर्ने कागजातहरूको प्रमाणित नक्कल प्रति मात्र लिने,

(त) शैक्षिक परामर्श सेवा सञ्चालन गर्ने संस्थाले विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थासँग सम्बन्धित देशको प्रचलित कानूनबमोजिम स्थापित भएको, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राप्त भएको र विदेशी विद्यार्थी अध्ययन गर्न अनुमति प्राप्त गरेको विश्वविद्यालय वा शैक्षिक संस्था सुनिश्चित गर्नुपर्ने,

(थ) आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने,

(द) सेवाग्राहीबाट प्राप्त गर्ने सेवाशुल्कमा अनिवार्य रूपमा मूल्य अभिवृद्धि कर विजक जारी गरेको हुनुपर्ने,

(ध) सेवाग्राहीबाट प्राप्त हुने रकम नगद लिन नपाउने गरी अनिवार्य रुपमा बैंक खातामा जम्मा गर्ने व्यवस्था गर्नुपर्ने,

(न) आफूले परामर्श दिएको विदेशमा अध्ययनरत विद्यार्थीको गुनासो सुनुवाई गर्ने संयन्त्र राख्नुपर्ने।

१३. **शैक्षिक परामर्श सेवा प्रदान गर्ने अनुमतिपत्र प्राप्त संस्थाले परामर्शदाता राख्नुपर्ने** : (१) यस नियमबमोजिम शैक्षिक परामर्श सेवा प्रदान गर्ने संस्थाले सेवाग्राहीलाई परामर्श प्रदान गर्ने प्रयोजनको लागि परामर्शदाता नियुक्त गरी सेवा सञ्चालन गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम नियुक्त हुने परामर्शदाताको योग्यता देहायबमोजिम हुनुपर्नेछः-

(क) कम्तीमा स्नातक तह उत्तीर्ण गरेको,

(ख) विश्वविद्यालय वा महाविद्यालय वा मान्यताप्राप्त तालिम प्रदायक संस्था वा कुटनीतिक नियोगबाट शैक्षिक परामर्शसम्बन्धी तालिम प्राप्त गरेको,

(ग) विदेशी परामर्शदाताको हकमा प्रचलित कानूनबमोजिम अख्तियारप्राप्त निकायबाट अनुमति प्राप्त गरेको।

१४. **अनुगमन तथा निरीक्षण** : (१) मन्त्रालयले आवश्यकताअनुसार अनुमतिपत्रप्राप्त संस्थाको काम कारवाहीको अनुगमन तथा निरीक्षण गर्न गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा देहायको आधारमा गर्नु पर्नेछः-

(क) नियम ११ र १२ बमोजिमको मापदण्ड तथा सर्त पूरा गरे नगरेको,

(ख) प्रदान गर्ने वा गरेको सेवाको पारदर्शिता भए नभएको,

(ग) सेवा शुल्कको पारदर्शिता भए नभएको,

(घ) अध्ययन गर्न जाने विद्यार्थीको अभिलेख राखे नराखेको,

(ङ) आय व्ययको अभिलेख राखे नराखेको,

(च) सञ्चालन गर्ने वा गरेको क्रियाकलापको अभिलेखीकरण गरे नगरेको,

(छ) सेवाग्राहीसँग गरेको सम्झौता र यसको कार्यान्वयन पक्षको अवस्था,

(ज) गुनासो राख्ने संयन्त्र र सम्बोधन तथा जवाफदेहिताको अवस्था,

(झ) कर चुक्ता तथा अद्यावधिकताको प्रमाण भए नभएको,

(ञ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रचलित कानूनबमोजिम सम्पन्न भए नभएको,

(ट) परामर्श प्रदान गरिएका देशगत विद्यार्थी सङ्ख्या र निजहरूको वर्तमान अवस्थासहितको एकीकृत डेटावेस भए नभएको,

(ठ) उपलब्ध गराएको सेवाबाट सेवाग्राही मर्कामा परेको उजुरी परे वा नपरेको,

(ड) अनुमतिपत्रप्राप्त संस्थाबाट गुनासो सम्बोधन संयन्त्र स्थापना गरे नगरेको।

(३) उपनियम (१) बमोजिमको अनुगमन तथा निरीक्षणको क्रममा अनुगमनकर्ताले माग गरेको कागजात उपलब्ध गराउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

(४) विदेशमा अध्ययन गर्न गएको विद्यार्थीका सम्बन्धमा विदेशी शिक्षण संस्था वा सम्बन्धित मुलुकको कुटनीतिक नियोगमार्फत विवरण माग गर्नु पर्ने भएमा मन्त्रालयले नेपाल सरकारको परराष्ट्र मन्त्रालयसँग समन्वय गरी माग गर्नु पर्नेछ।

(५) अनुगमनको क्रममा दिइएको सुझाव तथा निर्देशनको पालना गर्ने दायित्व सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ।

१५. **<u>ग्रेडिङ गर्न सकिने</u>** : (१) मन्त्रालयले संस्थाले परामर्श प्रदान गरेको विद्यार्थीको सफलताको दर र सेवाको गुणस्तर तथा गुनासोको आधारमा संस्थाहरूलाई ए, बि र सि वर्गमा ग्रेडिङ गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम गरिएको ग्रेडिङलाई मन्त्रालयले वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्नेछ।

(३) मन्त्रालयले अनुमतिपत्रप्राप्त संस्थाको सिफारिस, विद्यार्थीको सुझाव तथा विद्यार्थीलाई सृजित समस्याका आधारमा विदेशी विश्वविद्यालयको जोखिममा आधारित वर्गीकरण (रिस्क बेस्ड क्लासिफिकेसन) गर्न सक्नेछ।

(४) मन्त्रालयले उपनियम (३) बमोजिमको वर्गीकरणमा अति जोखिममा परेका र पटक पटक विद्यार्थीलाई समस्या उत्पन्न गर्ने विश्वविद्यालयलाई उच्च निगरानीमा राख्ने वा त्यस्ता विश्वविद्यालयमा विद्यार्थी पठाउन रोक लगाउन सक्नेछ।

१६. **समिति सम्बन्धी व्यवस्था** : (१) यस नियमावलीबमोजिम अनुमतिपत्रप्राप्त संस्थाको सेवा सञ्चालनसम्बन्धी कार्यलाई व्यवस्थित गर्ने विषयमा मन्त्रालयलाई राय सुझाव दिनको लागि देहायबमोजिम एक समिति रहनेछ :-

(क) प्रमुख, उच्च शिक्षासम्बन्धी विषय हेर्ने महाशाखा, मन्त्रालय -अध्यक्ष

(ख) उपसचिव, वैदेशिक अध्ययन अनुमति शाखा मन्त्रालय -सदस्य

(ग) उपसचिव, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि, राजपत्राङ्कित द्वितीय श्रेणी, गृह मन्त्रालय -सदस्य

(ङ) प्रतिनिधि (राजपत्राङ्कित द्वितीय श्रेणी), कम्पनी रजिष्ट्रारको कार्यालय -सदस्य

(च) शिक्षा क्षेत्रका विज्ञहरू मध्येबाट मन्त्रालयबाट मनोनित कम्तीमा एक जना महिलासहित तीनजना -सदस्य

(छ) उपसचिव, शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखा, मन्त्रालय -सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (च) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(३) मनोनित सदस्यको कार्यसम्पादन सन्तोषजनक नदेखिएमा मन्त्रालयले निजलाई उक्त पदावधि अगावै हटाउन बाधा पर्नेछैन।

तर त्यसरी हटाउनु अघि सफाई पेस गर्ने मनासिब मौका दिनुपर्नेछ।

(४) समन्वय समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको अन्य विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

१७. **समितिको काम र कर्तव्य** : (१) समितिले सेवा सञ्चालनको सम्बन्धमा हुनु पर्ने तथा भएका कार्यहरुको समीक्षा गरी मन्त्रालयलाई राय सुझाव दिनेछ।

(२) उपनियम (१) मा उल्लिखित कार्यका अतिरिक्त समितिले देहायका कार्य गर्नेछ :-

(क) सेवा सम्बन्धमा परेका गुनासो र उजुरीको सम्बन्धमा अध्ययन गरी कार्यान्वयनको लागि मन्त्रालयमा सिफारिस गर्ने,

(ख) अनुमतिपत्रप्राप्त संस्थाको अनुगमन गर्ने गराउने।

(३) उपनियम (२) को खण्ड (ख) बमोजिम अनुगमन गराउँदा नियम ११ र १२ बमोजिमका मापदण्ड तथा सर्तहरू पालना भए नभएको समेत अनुगमन गर्नु पर्नेछ।

१८. **<u>अनुमतिपत्र रद्द सम्बन्धी व्यवस्था</u>** : (१) मन्त्रालयले देहायको अवस्था प्रमाणित भएमा अनुमतिपत्रप्राप्त संस्थाले पाएको अनुमतिपत्र रद्द गरी धरौटी जफत गर्नेछ :-

(क) अनुमतिपत्र नवीकरण नगराई सेवा सञ्चालन गरेको,

(ख) नेपाल सरकारले खुला नगरेको गन्तव्य देश, अध्ययनको विषय र तहमा विद्यार्थी पठाउन सेवा सञ्चालन गरेको,

(ग) विद्यार्थी तथा संस्थाको आर्थिक कारोबार पारदर्शी रूपमा नराखेमा वा बैंकमार्फत कारोबार नगरेमा वा विद्यार्थी पठाए बापत सम्बन्धित शिक्षण संस्थाबाट दान, उपहार वा कुनै रकम लिएमा वा गलत परामर्श दिई विदेशमा विद्यार्थीलाई अध्ययन गर्नबाट वञ्चित गराएमा वा विद्यार्थी अलपत्र परेको,

(घ) अनुमतिपत्रप्राप्त संस्थाले उपलब्ध गराएको परामर्श सेवाभन्दा फरक भई विद्यार्थी अलपत्र परेमा वा शिक्षण संस्था अवैध ठहरिएमा त्यस्ता विद्यार्थीहरुको उद्धार गरी अध्ययन पूरा नगराएको,

(ङ) वैदेशिक अध्ययनमा जाने विद्यार्थी उपर आर्थिक शोषण गरेको वा ठगी गरेको,

(च) सेवा सञ्चालनको क्रममा भ्रामक वा उच्छृङ्खल वा विपरित हुने गरी प्रचार प्रसार गरेको वा गलत सूचना सम्प्रेषण गरेको वा अन्यको नामबाट अनाधिकृत गतिविधि गरे गराएको,

(छ) संस्थाको दर्ता खारेज भएको,

(ज) करसम्बन्धी विवरणहरु नियमित रुपमा दाखिला नगरेको वा नियमितरुपमा कर चुक्ताको प्रमाणपत्र प्राप्त नगरेको।

(२) उपनियम (१) बमोजिम अनुमतिपत्र रद्द भएको सात दिनभित्र त्यस्तो संस्थालाई प्रचलित कानूनबमोजिम अनुसन्धान तथा कारवाही गर्न सम्बन्धित निकायमा लेखी पठाउनुपर्नेछ।

(३) अनुमतिपत्र रद्द भएको जानकारी सार्वजनिक रूपमा प्रकाशन समेत गर्नुपर्नेछ।

१९. **<u>अनुमतिपत्र खारेज गर्न सकिने</u>** : (१) यस नियमावलीबमोजिम अनुमतिपत्रप्राप्त संस्थाले सेवा बन्द गरी आफूले प्राप्त गरेको अनुमतिपत्र खारेज गर्न चाहेमा मन्त्रालय समक्ष अनुसूची-८ बमोजिमको ढाँचामा निवेदन गर्न सक्नेछ।

(२) मन्त्रालयले उपनियम (१) बमोजिमको निवेदनको सम्बन्धमा आवश्यक जाँचबुझ गरी निवेदनको व्यहोरा मनासिब देखिएमा अनुमतिपत्र खारेज गरी सोको जानकारी अनुसूची-९ बमोजिमको ढाँचामा सम्बन्धित संस्थालाई दिनुपर्नेछ।

(३) उपनियम (२) बमोजिमको जानकारी त्यस्तो निर्णय भएको सात दिनभित्र उक्त संस्था दर्ता गर्ने अख्तियारप्राप्त निकायलाई दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम खारेज भएको जानकारी सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्नेछ।

## परिच्छेद-६
## विविध

२०. **संस्थाले सेवाग्राहीसँग लिखित सम्झौता गर्नुपर्ने** : (१) यस नियमावलीबमोजिम शैक्षिक परामर्श सम्बन्धी सेवा प्रवाह गर्ने संस्थाले सेवाग्राहीसँग लिखित सम्झौता गरेर मात्रै कार्य थालनी गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम गरिने लिखित सम्झौतामा देहायका विषय खुलाउनु पर्नेछ :-

(क) विद्यार्थी वा अभिभावकसँग परामर्श सेवा वापत लिइने शुल्क,

(ख) शैक्षिक संस्थाको आधिकारिता, भर्नाका लागि चाहिने न्यूनतम योग्यता र सर्त, भर्ना हुने तह र अध्ययन अवधि, अध्यापन हुने विषय,

(ग) शिक्षण संस्थाबाट प्राप्त हुने छात्रवृत्ति, पुस्तकालय, प्रयोगशाला, आवासीय सुविधा, अनुसन्धानमा सहभागी हुन पाउने सेवा सुविधा,

(घ) अध्ययनको अवधिभर तिर्नु पर्ने शुल्क र शुल्क तिर्ने तरिका,

(ङ) अध्ययन पूरा गरेको तहको प्रमाणपत्र तथा समकक्षता र पालना गर्नु पर्ने सर्त र भर्ना हुन आवश्यक पूर्व सर्तसम्बन्धी सूचना,

(च) सेवाग्राहीसँग लिएको रकम फिर्ता गर्ने सम्बन्धी विषय।

२१. **क्षतिपूर्ति प्रदान गर्नु पर्ने** : (१) संस्थाले प्रदान गरेको परामर्शका कारण विदेशमा विद्यार्थी अलपत्र परेमा वा शैक्षिक संस्था अवैध ठहरिएमा सम्बन्धित संस्था जिम्मेवार हुनेछ।

(२) उपनियम (१) बमोजिमको जिम्मेवार संस्थाले अलपत्र परेको विद्यार्थीले व्यहोर्नुपरेको मानसिक र आर्थिक क्षतिको आधारमा मनासिब क्षतिपूर्ति उपलब्ध गराउनुपर्नेछ।

तर परामर्श विपरीत विद्यार्थीको आफ्नै कारणले अलपत्र परेको वा दुख पाएको भएमा संस्थाले यस नियमबमोजिमको क्षतिपूर्ति दिनुपर्ने छैन।

२२. **विद्युतीय प्रणाली विकास गर्ने** : (१) मन्त्रालयले यस नियमावलीबमोजिम सेवा सञ्चालन र व्यवस्थापनलाई सरल, सहज र प्रभावकारी बनाई अभिलेख व्यवस्थापनलाई प्रविधिमैत्री बनाउन विद्युतीय प्रणाली विकास गर्नेछ।

(२) उपनियम (१) बमोजिमको विद्युतिय प्रणालीमा अनुमतिपत्रप्राप्त संस्थाले प्रवाह गरेको सेवा र क्रियाकलाप सम्बन्धी देहायका विवरण नियमित रूपमा प्रविष्ट गर्नुपर्नेछ :-

(क) संस्थाको नाम, कार्यालय ठेगाना, सेवा प्रवाहको प्रकृति जस्ता आधारभूत विवरण,

(ख) संस्थासँग आवद्ध तथा सेवा प्राप्त गरेका विद्यार्थीको विवरण,

(ग) शैक्षिक परामर्श सेवा प्रदान गर्ने संस्थाको विश्वविद्यालयसँगको सम्बन्ध,

(घ) सेवा प्रदान गरे वापत विस्तृत खण्डीकृत (डिसइन्ट्रिगेटेड) शुल्क सम्बन्धी विवरण, र

(ङ) मन्त्रालयले तोकेका अन्य विवरण।

(३) मन्त्रालयले उपनियम (२) बमोजिम प्रविष्ट भएका तथ्याङ्कलाई मन्त्रालय सम्बद्ध नो अब्जेक्सन प्रमाणपत्र जस्ता अन्य प्रणालीसँग समेत आवद्ध गरी एकीकृत डेटाबेस विकास गर्न सक्नेछ।

(४) मन्त्रालयले उपनियम (३) बमोजिमको डेटाबेसको आधारमा अनुमतिपत्र प्राप्त संस्थाले उपनियम (२) बमोजिम प्रविष्ट गरेका विवरणसमेत समेटिने गरी सर्वसाधारणले सहजै बुझ्ने र देख्न सक्ने गरी लाइभ डिजिटल ड्यास बोर्ड विकास गर्न सक्नेछ।

२३. **निर्देशन दिन सक्ने** : (१) मन्त्रालयले अनुमतिपत्र प्राप्त संस्थाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

२४. **अनुसूचीमा संशोधन** : (१) अनुसूची-२ बाहेकका अनुसूचीहरू मन्त्रालयले आवश्यकताअनुसार हेरफेर वा थपघट गर्न सक्नेछ।

अनुसूची-१

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

**<u>सेवा सञ्चालन अनुमतिपत्रको लागि दिने निवेदनको ढाँचा</u>**

मितिः................

श्री शिक्षा तथा खेलकुद मन्त्रालय,

सिंहदरबार, काठमाडौं।

**विषयः <u>सेवा सञ्चालन गर्ने अनुमतिपत्र पाऊँ</u>।**

शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ को नियम ३ बमोजिम सेवा सञ्चालनको लागि अनुमतिपत्रको लागि यो निवेदन पेस गरिएको छ।

१. **<u>संस्थाको नाम</u>**ः- (क) नेपालीमाः..........................................

(ख) अंग्रजीमाः ..........................................

(ग) ठेगानाः ............ प्रदेश,............ जिल्ला....................................., गाउँपालिका/नगरपालिका, वडा नं. .........…......टोल, .....................

Email............................... टेलिफोन नं.........................

२. **<u>सेवा सञ्चालन गर्ने ठेगाना</u>**ः-

............ प्रदेश,............ जिल्ला....................................., गाउँपालिका/नगरपालिका, वडा नं ..., टोल ..................................... टेलिफोन नं .........................

३. **<u>उपलब्ध गराउने सेवा</u>**ः-

(क) शैक्षिक परामर्श (ख) भाषा शिक्षण (ग) भाषा परीक्षण (घ) पूर्व तयारी कक्षा

४. **<u>संस्थाको पत्राचार गर्ने ठेगाना र मुख्य सम्पर्क व्यक्तिः-</u>**

............ प्रदेश,............ जिल्ला......................................, गाउँपालिका/नगरपालिका, वडा नं ........., ...................टोल, ...................................... टेलिफोन नम्बर, मुख्य सम्पर्क व्यक्तिको नाम थर र सम्पर्क नं........................

५. **<u>संस्थाको विवरण</u>**ः-

(१) दर्ता नंः............., (२) दर्ता मितिः ............., (३) दर्ता गर्ने निकाय ............., (४) अध्यावधिक भएको/नभएको, (५) मूल्य अभिवृद्धि कर दर्ता नं.............. (६) मूल्य अभिवृद्धि करमा दर्ता मिति............

६. संस्था खोल्ने व्यक्तिहरूको विवरणः-

| क्र. स. | नाम, थर | स्थायी ठेगाना | फोन नं | मोवाइल नं | email | नागरिकता नं र जिल्ला | शेयर हिस्सा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

७. परामर्शदाता /प्रशिक्षकसम्बन्धी विवरणः-

| क्र स | नाम थर | स्थायी ठेगाना | शैक्षिक योग्यता | तालिम र सोको अवधि | सेवा अनुभव र वर्ष | तालिम दिने संस्था | अन्य |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

८. विदेशी शिक्षण संस्थाको प्रतिनिधिको विवरण (भएमा):-

| क्र स | शिक्षण संस्थाको नाम | देश | ठेगाना | आधिकारीकता प्राप्त मिति र अवधि | सम्बन्धन/ प्रत्यायन गर्ने निकाय |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

९. सेवा सञ्चालन गर्ने स्थान, भवन र कक्षसम्बन्धी विवरणः-

| विवरण | संख्या | पर्याप्त | अपर्याप्त | अन्य |
|---|---|---|---|---|
| भवन | | | | |
| कार्यालय कक्ष | | | | |
| कक्षा कोठा | | | | |
| पुस्तकालय कक्ष | | | | |
| प्रयोगशाला | | | | |

## १०. संस्थाको उद्देश्यसम्बन्धी विवरण

१........................

२.........................

**संलग्न कागजातहरु** :

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

२. संस्था दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र,

३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

४. साझेदारी फर्म भएमा साझेदारी कबुलियतनामा,

अन्य निकायको सहमति (आवश्यक भएमा)।

..................

निवेदकको हस्ताक्षर

नाम, थरः..................

ठेगानाः....................

फोन नम्बरः.............

E-mail: ....................

अनुसूची-२

(नियम ३ को उपनियम (४), नियम ७ को उपनियम (२) र नियम ९ को उपनियम (२) सँग सम्बन्धित)

**<u>धरौटी, अनुमतिपत्र तथा नवीकरण दस्तुर</u>**

| सि.नं. | सेवा | धरौटी (रु.) | अनुमतिपत्र दस्तुर (रु.) | नवीकरण दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | शैक्षिक परामर्श सेवा | पच्चिस लाख र प्रति शाखा थप पच्चिस लाख | पचास हजार र शाखा विस्तार भएमा प्रति शाखा बीस हजार | पच्चिस हजार र शाखा विस्तार भएमा प्रति शाखा बिस हजार | |
| २. | पूर्व तयारी कक्षा | एक लाख | दश हजार | पाँच हजार | |
| ३. | भाषा परीक्षण | पाँच लाख | पन्ध्र हजार | पाँच हजार | |
| ४. | भाषा शिक्षण सेवा | एक लाख | दश हजार | पाँच हजार | |
| ५. | शैक्षिक मेला/ प्रदर्शनी/सेमिनार (प्रतिदिन प्रति स्थानमा सञ्चालन गरे वापत) | - | नगरपालिकामा भए पच्चीस हजार तथा गाउँपालिकामा भए दश हजार | - | |
| ६. | विदेशी आयोजक भएमा (शैक्षिक मेला/ प्रदर्शनी/सेमिनार (प्रतिदिन प्रति स्थानमा सञ्चालन गरे वापत) | | यु एस डलर एकहजार पाँच सय | | |

अनुसूची-३

(नियम ३ को उपनियम (४) सँग सम्बन्धित)

**<u>अनुमतिपत्रको ढाँचा</u>**

अनुमतिपत्र नंः...............

श्री ..................................

..................................

शैक्षिक परामर्श / भाषा शिक्षण/भाषा परीक्षण/ पूर्व तयारी कक्षा सञ्चालन गर्न ..................................लाई.................... जिल्ला...................,.....................गाउँपालिका/नगरपालिका वडा नं............. मा शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ को नियम ३ को उपनियम (४) बमोजिम यो अनुमतिपत्र दिइएको छ।

अनुमतिपत्र दिने अधिकारीको

दस्तखतः

नाम थरः

दर्जाः

मितिः

**(अनुमतिपत्रको पछाडिको पृष्ठमा लेखिने)**

१. सेवा सञ्चालकले आफूले बुझाउनु पर्ने विववरण समयमा बुझाउनु पर्नेछ।

२. सेवा सञ्चालकले सेवा प्राप्त गर्नेहरुको विवरण प्रत्येक वर्ष समयमा नै बुझाउनु पर्नेछ।

३. यो अनुमतिपत्रको अवधि एक वर्षको भएकोले सो समाप्त हुनु अगावै नवीकरणको लागि निवेदन गरी सक्नु पर्नेछ।

४. अनुमतिपत्रमा निर्धारितभन्दा बढी स्थान र संख्यामा सेवा सञ्चालन गर्न पाइने छैन।

५. जुन सेवाको लागि अनुमति प्राप्त गरेको हो सोही सेवामात्र संञ्चालन गर्नु पर्नेछ।

६. अनुमति प्राप्तिको लागि राखिएको धरौटी अनुमतिपत्रको (नवीकरणसमेत) अवधि कायम रहदासम्म राखिराख्नु पर्नेछ।

७. संस्थामा विदेशी लगानी भएको हुनु हुँदैन।

८. अनुगमनको क्रममा वा अन्य समयमा सरकारी अधिकारीद्वारा माग गरिएको विवरण समयमा नै बुझाउनु पर्नेछ।

**नवीकरणसम्बन्धी विवरण**

| क्र.सं. | सेवा सञ्चालन गर्ने संस्थाको नाम | सेवाको प्रकार | नवीकरण मिति | नवीकरण बहाल रहने मिति | नवीकरण गर्नेको नाम र दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|---|
| | | | | | | |

अनुसूची-४

(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

**अनुमतिपत्र नवीकरणको लागि दिने निवेदनको ढाँचा**

मितिः.............

श्री शिक्षा तथा खेलकुद मन्त्रालय,

सिंहदबार, काठमाडौं।

महोदय,

..............प्रदेश.............जिल्ला...........................नगरपालिका/गाउँपालिका...............वडा नं........ मा .......................................उद्देश्य रहेको.....................................नामको संस्थाबाट शैक्षिक परामर्श/भाषा शिक्षण/भाषा परीक्षण/ पूर्व तयारी कक्षा सेवा सञ्चालन गरिएकोमा मिति.................................मा प्राप्त अनुमतिपत्रको अवधि एक वर्ष पूरा हुने भएकोले प्राप्त अनुमतिपत्रको म्याद नियमानुसार नवीकरण हुन देहायबमोजिमको विवरण र कागजातसहित निवेदन गरेको छु। निवेदनमा उल्लेख भएको बेहोरा साँचो हो। झुट्टा ठहरेमा कानूनबमोजिम सहुँला बुझाउँला।

....................

निवेदकको हस्ताक्षर

नाम, थरः.............

ठेगानाः................

फोन नम्बरः..........

email: ...................

**संलग्न कागजात**ः

१.नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

२.संस्था दर्ताको प्रमाणपत्र,

३.कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

४.साझेदारी फर्म भएमा साझेदारी कबुलियतनामा र निर्णय,

५.अन्य निकायको सहमति (आवश्यक भएमा)।

अनुसूची-५

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

**शैक्षिक मेला/शैक्षिक प्रदर्शनी/शैक्षिक सेमिनार सञ्चालनको लागि दिने निवेदनको ढाँचा**

मितिः........

श्री शिक्षा तथा खेलकुद मन्त्रालय,

सिंहदरबार, काठमाडौं।

शैक्षिक मेला/शैक्षिकप्रदर्शनी/शैक्षिक सेमिनार सञ्चालनको लागि निवेदन पेस गरेको छु।

१. **संस्थाको नाम**: (क) नेपालीमाः.......................................

(ख) अङ्ग्रेजीमाः ......................................

२. **मेला/प्रदर्शनी/सेमिनार सञ्चालन गर्ने ठेगाना**ः

.............प्रदेश,................. जिल्ला,.......................गाउँपालिका/नगरपालिका,...........वड नं.,...........................टोल,.............................टेलिफोन नं, विदेशमा भएः .......देश,.........................स्थान,.....................शहर।

३. **पत्राचार गर्ने ठेगाना र मुख्य सम्पर्क व्यक्तिः**

........... प्रदेश,............ जिल्ला....................................., गाउँपालिका/नगरपालिका, वडा नं ........, ..................टोल, ..................................... टेलिफोन नम्बर,

मुख्य सम्पर्क व्यक्तिको नाम थर र सम्पर्क नं...................................................

४. **संस्थाको विवरण :**

(१) दर्ता नंः............, (२) दर्ता मितिः ............, (३) दर्ता गर्ने निकाय ............, (४) अध्यावधिक भएको/नभएको, (५) मूल्य अभिवृद्धि कर दर्ता नं.............. (६) मूल्य अभिवृद्धि करमा दर्ता मिति............

५. **संस्था खोल्ने व्यक्तिहरुको विवरण**

| क्र. स. | नाम थर | स्थायी ठेगाना | फोन नं | मोवाइल नं | इमेल ठेगाना | नागरिकता नं र जिल्ला | शेयर हिस्सा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

६. **<u>संस्थाको उद्देश्य सम्बन्धी विवरण</u>**

१.......................

२......................

**<u>संलग्न कागजात</u>**ः

१. मेला वा प्रदर्शनी आयोजनाको कार्यक्रम बारेको विस्तृत विवरण

२. नागरिकता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि,

३. संस्था दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र

४. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

५. साझेदारी फर्म भएमा साझेदारी कबुलियतनामा,

६. अन्य निकायको सहमति (आवश्यक भएमा)।

....................

निवेदकको हस्ताक्षर

नाम, थरः.............

ठेगानाः................

फोन नम्बरः..........

E-mail: ...................

अनुसूची-६

(नियम ७ को उपनियम (३) सँग सम्बन्धित)

**<u>शैक्षिक मेला/प्रदर्शनी/सेमिनार सञ्चालनको लागि दिने स्वीकृतिको ढाँचा</u>**

मितिः.......................

श्री ..........................

...........................

शैक्षिक मेला/प्रदर्शनी/सेमिनार सञ्चालनको लागि मिति .......................मा प्राप्त भएको निवेदन उपर कारवाही हुँदा...................................................................लाई ....................जिल्ला,................. .........................गाउँपालिका/नगरपालिका,.......... वडा नं, (विदेश भए देश................,प्रान्त ...........................,शहर......................... ) मा मिति........................देखि मिति................सम्म शैक्षिक मेला/प्रदर्शनी/सेमिनार सञ्चालन गर्न दिने गरी मिति............................ मा निर्णय भएकोले शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ को नियम....... को उपनियम (........... ) बमोजिम यो अनुमतिपत्र दिइएको छ।

अनुमतिपत्र दिने अधिकारीको

दस्तखतः

नाम थरः

दर्जाः

मितिः

नोटः- यो अनुमतिपत्र मितिः................................................सम्म मात्र बहाल रहनेछ।

अनुसुची-७

(नियम ११ को उपनियम (१) सँग सम्बन्धित)

**<u>संस्था सञ्चालनको मापदण्ड</u>**

१. संस्थाको आफ्नै कार्यालय भवन भएको हुनुपर्ने वा न्यूनतम तीन बर्षको लागि घरभाडा सम्झौता भएको हुनुपर्ने,

२. संस्थाको इमेल, वेबसाइट र टेलिफोन हुनुपर्ने,

३. संस्था दमकल र एम्बुलेन्स पुग्न सक्ने बाटो भएको स्थानमा हुनुपर्ने,

४. संस्था सञ्चालन हुने भवनको कोठा प्रशस्त प्रकाश छिर्ने र क्रस भेण्टिलेशन भएको वा वातानुकूलित हुनुपर्ने,

५. भवन भुकम्प प्रतिरोधक प्रविधिबाट निर्मित हुनुपर्ने,

६. भवनमा अग्नि प्रतिरोधी व्यवस्था भएको (फायरफाइटीङ) जडान भएको हुनुपर्ने,

७. प्रशासनिक कार्यका लागि छुट्टै कार्यकक्षको व्यवस्था हुनु पर्ने,

८. भवन र भवन भित्रका पूर्वाधारहरु अपाङ्गमैत्री हुनु पर्ने,

९. सफा र स्वाच्छ खाने पानीको निःशुल्क व्यवस्था हुनु पर्ने,

१०. सन्दर्भ सामग्री, विषयसँग संबन्धित जर्नल, म्यागाजिन, न्यूज पेपर इत्यादि उपलब्ध भएको तथा विद्यार्थीहरूलाई अध्ययन गर्न यथेष्ट स्थान भएको एक पुस्तकालयको व्यवस्था हुनु पर्ने,

११. कक्षा कोठामा विद्यार्थीहरू हिड्न, बस्न र अध्ययन गर्न सुविधा युक्त फर्निचरको व्यवस्था हुनु पर्ने,

१२. विद्यार्थीहरूले सहज रूपमा प्रयोग गर्न सक्ने गरी इन्टरनेट सुविधाको व्यवस्था हुनुपर्ने।

अनुसूची-८

(नियम १९ को उपनियम (१) सँग सम्बन्धित)

**<u>अनुमतिपत्र खारेजीका लागि दिने निवेदनको ढाँचा</u>**

मितिः ...............

श्री शिक्षा तथा खेलकुद मन्त्रालय,

सिंहदरबार, काठमाडौं।

महोदय,

...................प्रदेश, .................जिल्ला, ...........................नगरपालिका/गाउँपालिका, वडा नं............... मा ..............................................उद्देश्य रही........................................नामको संस्थाबाट शैक्षिक परामर्श/भाषा शिक्षण/भाषा परीक्षण/पूर्व तयारी कक्षासम्बन्धी कार्य गरिदै आएकोमा देहायबमोजिमको कारण र विवरण तथा कागजातसहित सेवा सञ्चालनको अनुमतिपत्र खारेजीको लागि निवेदन गरेको छु/गरेका छौं।

**<u>तपशिल</u>**

१. अनुमतिपत्रको खारेजी गर्नुको कारणः

२. बुझाउनु पर्ने कर. दस्तुर तथा शुल्क बुझाएको विवरणः

३. संस्थाबाट अनुमतिपत्र परित्यागको लागि भएको निर्णय तथा उद्देश्यमा गरिएको संशोधनः

४. अनुमतिपत्र परित्याग गर्नु पर्ने कारणः

३. **<u>सेवा सञ्चालनको क्रममा भएका काम कारवाहिको विवरणः</u>**

हस्ताक्षरः................................

निवेदकको पूरा नाम, थरः..........................

नागरिकता प्रमाणपत्रको नं ........................

संस्थाको नाम :.....................................

अनुसूची-९

(नियम १९ को उपनियम (२) सँग सम्बन्धित)

**<u>अनुमतिपत्र खारेजीको जानकारी पत्रको ढाँचा</u>**

मितिः..............................

श्री ..........................................

..........................................

मिति ............................... मा प्राप्त भएको निवेदनबमोजिम अनुमतिपत्र नं .......................... मिति ...........................मा दिइएको अनुमतिपत्र परित्याग गरी पाउँ भनी मिति..........................मा प्राप्त हुन आएको निवेदन उपर कारवाही हुँदा .......................................संस्थाले................................सेवा सञ्चालनको लागि प्राप्त गरेको अनुमति पत्र मिति..................... को निर्णयअनुसार खारेज गरिएको छ। अनुमति पत्र खारेज भएकोले साविकबमोजिम कुनै काम कारवाही नगर्न नगराउन निर्णयअनुसार अनुरोध गरिन्छ। साथै अनुमतिपत्र खारेज भएको जानकारी संस्था दर्ता गर्ने निकायलाई गराउनुहुन र संस्थाको उद्देश्यमा समेत सोहीबमोजिम संशोधन गर्नुहुन जानकारी गराइन्छ।

सम्बन्धित अधिकारीको

दस्तखतः

नाम थरः

दर्जाः

मितिः

**<u>बोधार्थः-</u>**

श्री ...........................................